प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

## कृषि ऋणमा ब्याज अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति: २०७८ /०५ /०२

नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त बैंक वा सहकारी संस्थाबाट कृषि ऋण स्वीकृत भई "कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम संचालन मापदण्ड, २०७७" मा उल्लेख भएका मध्येका व्यवसाय संचालन गरिरहेका ब्याजमा अनुदान प्राप्त गर्न इच्छुक कृषक, निजी फार्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाबाट मन्त्रालय वा जिल्लास्तरमा रहेका कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा आवश्यक कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रम सम्बन्धी थप जानकारीका लागि मन्त्रालयको वेबसाईट **www.molmac.gandaki.gov.np** बाट **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७"** र **"कृषि ऋणमा व्याज अनुदान कार्यक्रम संचालन मापदण्ड, २०७७"** डाउनलोड गरी हेर्न सकिनेछ।

**आवेदन सम्बन्धी पूर्व शर्तहरु**

- अधिकतम ११ प्रतिशत ब्याजदरमा कम्तीमा ५ लाख कृषि ऋण स्वीकृत भएको हुनुपर्ने।
- स्वीकृत कृषि ऋणका लागि अन्य कुनै निकायबाट ब्याज अनुदान प्राप्त नगरेको हुनुपर्ने।

**आवश्यक कागजातहरु:**

- कार्यविधिको अनुसूची-३ बमोजिमको निवेदन
- कार्यविधिको अनुसूची-४ बमोजिमको प्रस्ताव
- व्यवसाय दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह/सहकारीको हकमा बैठकको निर्णय प्रतिलिपी
- अघिल्ला दुई आर्थिक वर्षमा अनुदानका लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
- सम्बन्धित ऋण प्रवाह गर्ने संस्थामा प्रस्तावकले पेश गरेको व्यवसायिक योजना(कार्ययोजना नखुलेको भए सो समेत समावेश गर्ने) वा सो नभएमा ऋण प्रवाह गर्ने संस्थाले कर्जाग्राहीको वस्तुस्थिति खुलाइ ऋण प्रवाह हुनुको उपयुक्तताका आधारहरु समेत उल्लेख गरिएको सिफारिस पत्र।
- स्वीकृत कृषि ऋण र सो को लागि तिर्नुपर्ने ब्याजदर खुलाईएको सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाले प्रदान गरेको पत्र
- व्यवसायको बीमा सम्बन्धी कागजात

**नोट: स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही पहिला प्रस्ताव पेश गर्ने प्रस्तावकलाई पहिलो प्राथमिकता दिईनेछ ।**